# छोटो अवधिको सीपमूलक तालीम सञ्चालन कार्यविधि – २०७६

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर।

नि. सदस्य-सचिव

विषयसूची

प्रस्तावना ........................................................................................ १
१. संक्षिप्त नाम र प्रारम्भ ........................................................................ १
२. परिभाषा........................................................................................ १
३. कार्यविधिको उद्देश्य............................................................................ २
४. प्रदेश कार्यालयको भूमिका ................................................................... २
५. तालिमको पाठ्यक्रम........................................................................... ३
६. संस्थाको छनौट................................................................................. ३
७. तालिम सम्झौता................................................................................ ४
८. तालीम प्रदायक संस्थाको भूमिका .......................................................... ४
९. तालीम सञ्चालन खर्च/तालिम शूल्कको भुक्तानी......................................... ६
१०. प्रशिक्षार्थीकहरूको जिम्मेवारी .............................................................. ६
११. प्रशिक्षण विधि.................................................................................. ७
१२. प्रशिक्षकको योग्यता ........................................................................... ७
१३. प्रशिक्षार्थी छनौट............................................................................... ७
१४. प्रशिक्षार्थीको योग्यता ......................................................................... ८
१५. तालीम कार्यतालीका........................................................................... ८
१६. तालीम सञ्चालन समन्वय समिति .......................................................... ८
१७. तालीम अनुगमन तथा मूल्याङ्कन .......................................................... ९
१८. कार्यविधिको व्याख्या........................................................................... ९
अनुसूचीहरू.........................................................................................१०

Bhatta
नि. सदस्य-सचिव

प्रस्तावना

देशको आर्थिक समुन्नतिका लागि योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनशील जनशक्ति तयार गर्न र सबैका लागि रोजगारीका अवसरहरू सिर्जना गर्नु आजको आवश्यकता हो। यसैलाई मध्यनजर गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमका अवसरहरूको व्यापक विस्तार गर्दै सबैका लागि समावेशी र समतामूलक पहुँच पुग्ने गरी सीपमूलक तालिमसँग सम्बन्धित कार्यक्रमहरू स्थानीय आवश्यकताको आधारमा स्थानीय स्रोत र साधनको अधिकतम उपयोग हुने गरि संचालन गर्दै आइ रहेको छ । तालीम पश्चात रोजगार वा स्वरोजगार सम्भावना भएका क्षेत्रहरूको पहिचान गरी नेपाल सरकारको स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार छोटो अविधिको सीपमूलक तालिमलाई व्यवस्थित, गुणस्तरीय, प्रभावकारी एवं व्यावसायिक रुपमा सञ्चालन गर्नका लागि बाञ्छनीय भएकाले परिषद् कार्यालयले यो कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

क. यो कार्यविधिको नाम "छोटो अवधिको सीपमूलक तालीम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

ख. यो कार्यविधि तत्काल लागू हुनेछ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा ३ बमोजिमको परिषद् सम्झनु पर्दछ,

ख. "परिषद् कार्यालय" भन्नाले परिषद्को केन्द्रिय कार्यालय सम्झनु पर्दछ,

ग. "प्रदेश कार्यालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्रदेश कार्यालय सम्झनु पर्दछ,

घ. "शिक्षालय" भन्नाले परिषद्द्वारा संचालित प्राविधिक तथा बहु-प्राविधिक शिक्षालय र तालिम केन्द्रलाई सम्झनु पर्छ र सो शब्दले परिषद् अन्तर्गत साझेदारी स्वरुपमा संचालित प्राविधिक तथा बहु-प्राविधिक शिक्षालयहरूलाई समेत जनाउछ,

ङ. "विद्यालय" भन्नाले सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरेको सामुदायिक विद्यालय (टेक्स) र प्राविधिक धार सञ्चालन भएको सामुदायिक विद्यालयहरूलाई सम्झनु पर्दछ,

च. "निजी क्षेत्रमा संचालित संस्था" भन्नाले परिषद् कार्यालयबाट सम्बन्धन लिई छोटो अवधिका तालिम सञ्चालन गर्दै आएका निजी क्षेत्रमा संचालित तालिम प्रदायक संस्थाहरूलाई सम्झनुपर्दछ,

छ. "तालिम प्रदायक संस्था" भन्नाले शिक्षालय, विद्यालय र निजी क्षेत्रमा संचालित शिक्षण संस्थालाई जनाउनेछ,

ज. "दुर्गम" भन्नाले नेपाल सरकारले तोकेको जिल्ला वा स्थान सम्झनु पर्छ,

झ. "पाठ्यक्रम" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्द्वारा स्वीकृत भएको पाठ्क्रमलाई सम्झनु पर्छ,

ञ. "प्रशिक्षक" भन्नाले परिषद्द्वारा स्वीकृत पाठ्यक्रम अनुसार सैद्धान्तिक तथा प्रयोगात्मक सीप सिकाउन नियुक्त गरिएको प्राविधिक व्यक्तिलाई सम्झनु पर्छ,

ट. "प्रशिक्षार्थी" भन्नाले छोटो अवधिको तालिममा छनौटभै सहभागी व्यक्तिलाई सम्झनु पर्छ,

ठ. "सीप परीक्षण" भन्नाले तालीम सम्पन्न गरेका प्रशिक्षार्थीहरूको राष्ट्रिय सीप परीक्षण समितिबाट लिईने सीप परीक्षण परीक्षा सम्झनु पर्छ,

ड. "ट्रेड" भन्नाले शिक्षालय तथा विद्यालयमा डिप्लोमा तथा प्राविधिक एस.एल.सी. तहको शैक्षिक कार्यक्रम अध्यापन र सञ्चालन गराउने विषय सम्झनु पर्छ र यस शब्दले निजी स्तरका तालिम प्रदायक संस्थाहरूले परिषद् कार्यालयबाट तालिम सञ्चालन गर्न स्वीकृति लिएको विषयलाई समेत जनाउनेछ।

## ३. कार्यविधिको उद्देश्य

क. उद्यमशीलता विकास र रोजगार उन्मुख कार्यक्रमलाई प्रभावकारी एवं व्यवस्थित रुपमा सञ्चालन गर्न मार्ग निर्देशन गर्नु,

ख. तालीम कार्यक्रमलाई नियमसंगत र पारदर्शी बनाउनु,

ग. तालीम प्रदायक संस्थालाई कार्यक्रम सञ्चालनमा बढि उत्तरदायि एवं जिम्मेवार बनाउनु,

घ. कार्यक्रमहरू गुणस्तरीय, प्रभावकारी रुपमा भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्न कार्यक्रम सञ्चालनको स्पष्ट ढाँचा प्रदान गर्नु।

## ४. प्रदेश कार्यालयको भूमिका

क. प्रदेश भित्र रहेका सवै स्थानीय तहहरूलाई पत्राचार गरि तालिमको क्षेत्र, विषय र संख्या आदिको विवरण संकलन गर्ने,

ख. सामाजिक विकास मन्त्रालयसँग समन्वय गरी प्रदेश भित्र रहेका स्थानीय तहका प्रमुख तथा जनप्रतिनिधिहरूसँग एक दिने छलफल/अन्तर्क्रिया गरि स्थानीय तहको आवश्यकता अनुसार तालिमका आवश्यकता पहिचान गर्ने,

Bhatta
सि. सदस्य-सचिव

ग. छलफल/अन्तर्क्रियाबाट पहिचान भएका तालिमका विषय/क्षेत्रहरूलाई बर्गिकरण (clustering) गर्ने,

घ. रोजगार स्वरोजगारको सम्भावनाको आधारमा तालिमको प्रथमिकता निर्धारण गर्ने

ङ. तालिम प्रदायक संस्थाहरूको छनौट गर्ने,

च. छनौट भएका तालिम प्रदायक संस्थाहरूलाई तालिम सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, आवश्यकता अनुसार क्षमता अभिवृध्दि गर्ने,

छ. तालिम प्रदायक संस्थाहरूसँग तालिम सञ्चालनका लागि सम्झौता गर्ने,

ज. तालिमको योजना तयार गरी परिषद् कार्यालय तालिम विकास महाशाखा र सामाजिक विकास मन्त्रालयमा पठाउने,

झ. तालिमको नियमित अनुगमन गर्ने गराउने,

ञ. सम्झौता अनुसारको रकम सम्बन्धित तालिम प्रदायक संस्थालाई नियमानुसार भुक्तानी दिने,

ट. तालिमको प्रगति प्रतिवेदन तयार गरी परिषद् कार्यालय तालिम विकास महाशाखा र सामाजिक विकास मन्त्रालयमा पठाउने।

## ५. तालिमको पाठ्यक्रम

क. सवै सीपमूलक तालिमहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्वीकृत पाठ्यक्रम अनुसार सञ्चालन गरिनेछ,

ख. पाठ्यक्रम तयार नभएको कुनै नयाँ विषयहरूमा तालिमको माग भएमा प्रदेश कार्यालयको अनुरोधमा परिषद् कार्यालय पाठ्यक्रम विकास महाशाखाले तयार गरी तालिम सञ्चालन गर्न सकिनेछ,

ग. तालिमका पाठ्यक्रमहरूको विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

## ६. संस्थाको छनौट

क. शिक्षालय/विद्यालयको छनौट

१. प्रदेश भित्र सञ्चालनमा रहेका शिक्षालय/विद्यालयहरूको भौतिक पूर्वाधार र जनशक्तिको आधारमा सञ्चालन गर्ने तालिमको विषय र संख्या (समूह) निर्धारण गर्ने,

२. तालिमको संख्या (समूह) निर्धारण गर्दा शिक्षालय/विद्यालयहरूमा सञ्चालन भएको कार्यक्रमको आधारमा शिक्षालयको हकमा अधिकतम ६ ओटा र विद्यालयको हकमा अधिकतम ३ ओटा दरले तालिमको संख्या (समूह) निर्धारण गर्ने,

३. आङ्गिक शिक्षालयहरूको हकमा कार्यक्रम सञ्चालन नभएको विषय भएतापनि उपलब्ध भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गरी तालिमको गुणस्तर सुनिश्चित हुने गरी स्थानीय तहको लिखित माग भै आएको अवस्थामा तालीम सञ्चालन समन्वय समितिको वैठकबाट निर्णय गरी उक्त विषयमा अधिकतम ३ ओटा तालिम सञ्चालन गर्न स्वीकृति दिने,

Bhatta
मि. २०७५-८।११

४. प्रदेश भित्र सञ्चालन हुने कुल तालिम संख्या मध्ये शिक्षालय/विद्यालयलाई उपलब्ध गराईएको तालिम संख्याबाट बाँकी रहन आएका तालिमको संख्या, विषय र स्थान एकिन गरी निजी क्षेत्रमा संचालित तालिम प्रदायक संस्थाको छनौट गर्ने । निजी क्षेत्रका तालिम प्रदायक संस्थाहरुलाई उपलब्ध गराईने तालिम संख्या प्रदेशमा संचालन हुने जम्मा तालिम संख्याको ३५ प्रतिशत भन्दा बढी हुनेछैन ।

ख. निजी क्षेत्रमा संचालित तालिम प्रदायक संस्थाको छनौट

१. माग भै आएका तालिमको संख्या, विषय, स्थानको एकिन पश्चात परिषद्सँग सम्बन्धन लिई छोटो अवधिका तालिम सञ्चालन गर्दै आएका निजी क्षेत्रमा संचालित तालिम प्रदायक संस्थाहरूलाई तोकिएको क्षेत्र र विषयमा तालिम सञ्चालन गर्नका लागि सोहि प्रदेश भित्र सञ्चालनमा रहेका संस्थाहरूलाई सार्वजनिक सूचना मार्फत आब्हान गर्ने,

२. संस्थाहरूको छनौट गर्दा निश्चित मापदण्ड तयार गरी सार्वजनिक खरिद ऐन, नियमावली अनुसार गर्ने,

३. तालिम प्रदायक संस्था छनौट गर्ने प्रकृया देहाय अनुसार हुनेछ,

क. सूची दर्ताका लागि सार्वजनिक सूचना मार्फत आब्हान गर्ने,
ख. प्राविधिक र आर्थिक प्रस्ताव माग गर्ने,
ग. प्राविधिक प्रस्तावको मूल्यांकन गर्ने,
घ. प्राविधिक प्रस्तावनामा पास भएको संस्थाको आर्थिक प्रस्तावनाको मूल्याकन गर्ने,
ङ. छनौट र सम्झौता गर्ने।

४. छनौट भएका तालिम प्रदायक संस्थाहरूलाई उक्त संस्थाले परिषद् कार्यालयसँग तालिम सञ्चालनका लागि सम्बन्धन लिए अनुरुप एउटा कार्यक्रममा वढीमा ३ ओटा समुहमा तालिम समूहमा सञ्चालन गर्न सक्ने तर एउटा संस्थाले बढीमा ६ ओटा समुह सम्म मात्र तालिम सञ्चालन गर्न पाउनेछन्।

## ७. तालिम सम्झौता

क. तालिम सञ्चालनका लागि छनौट भएका शिक्षालय/ विद्यालय तथा तालिम प्रदायक संस्थाहरूसँग सम्झौता (MOU वा SA)गर्ने।

ख. सम्झौता पत्रमा शिक्षालय/ विद्यालय तथा तालिम प्रदायक संस्थाहरूको भूमिका स्पष्ट उल्लेख गर्नुका साथै तालिम सञ्चालन वापत पाउने तालिम खर्च तथा भुक्तानी प्रकृयाका वारेमा उल्लेख गर्ने,

ग. शिक्षालय/ विद्यालय तथा तालिम प्रदायक संस्थाहरूबाट तालिम सञ्चालनको कार्य योजना लिने र उक्त कार्य योजनालाई परिषद् कार्यालय तालिम महाशाखा र सामाजिक विकास मन्त्रालयलाई उपलब्ध गराउने,

## ८. तालीम प्रदायक संस्थाको भूमिका

क. तालिम सञ्चालनका लागि स्थान, पाठ्यक्रमा उल्लेख भए अनुसार तालिम सामग्री, औजार तथा उपकरण व्यवस्था गर्ने,

ख. तालिम सञ्चालनका लागि तोकिएको योग्यता पुरा गरेका प्रशिक्षकहरूको व्यवस्था गरी करारनामा गर्ने,

ग. तालीम कार्यक्रमको जानकारी (अनुसूची २ र ३ बमोजिम) प्रदेश कार्यालयमा र तालिम सञ्चालन भएको स्थानीय तहमा उपलब्ध गराउने,

घ. पाठ्यक्रममा ब्यवस्था भए वमोजिम सैध्दान्तिक र प्रयोगात्मक कक्षा सञ्चालन गर्ने,

ङ. एक समूहमा अधिकतम २० जना प्रशिक्षार्थीहरू समावेश गर्ने,

च. प्रतिदिन न्यूनतम ६ घण्टाको दरले तालीम सञ्चालन गर्ने र पाठ्यक्रम अनुसार सवै सीपको अभ्यास गराई ६५ कार्य दिनमा तालिम सम्पन्न गर्ने ,

छ. तालीम सुरु भएको १५ दिन भित्र तालिममा सहभागीहरूको विवरण प्रदेश कार्यालयमा पठाउने,

ज. तालिम सुरु भएको एक महिना भित्र Online सीप परीक्षण फाराम भरी सम्बन्धित प्रदेश कार्यालयसँग समन्वय गरी सीप परीक्षणको व्यवस्था गर्ने

झ. सीप परीक्षणको लागि आवश्यक परीक्षण सामग्रीको व्यवस्था गर्ने

ञ. प्रशिक्षार्थी हाजिरी, प्रशिक्षक लगबुक, समय तालिका र दैनिक पाठ योजना तयार गरी तालीम सञ्चालन गर्ने,

ट. प्रभावकारी सिकाई तथा प्रशिक्षार्थीको नियमितताका लागि प्रशिक्षार्थीहरूलाई परामर्शको व्यवस्था गर्ने,

ठ. तालीम सञ्चालन अवधिमा पाठ्यक्रम अनुसार प्रशिक्षार्थीहरूको सिकाई परिक्षण गरी आवश्यक पृष्ठपोषण गर्ने,

ड. तालीम सञ्चालनको समयमा प्रयोगात्मक अभ्यासको लागि आवश्यक सामग्री पाठ्यक्रममा तोके वमोजिम उपलव्ध गराउने,

ढ. तालीमको समयमा प्रत्येक प्रशिक्षार्थीहरूलाई छुट्टाछुट्टै प्रयोगात्मक अभ्यास गर्न लगाउने,

ण. प्रयोगात्मक अभ्यासका लागि स्थानीय उद्योग, व्यावसाय, सहकारी, उपभोक्ता समिति तथा रोजगारदाताहरूसँग समन्वय गरी प्रशिक्षार्थीहरूलाई Exposure गराउने,

त. तालिमका सहभागीहरूको सिकाई मूल्यांकनको लागि निरन्तर, आवधिक र अन्तिम मूल्यांकन गर्ने

थ. तालीम सम्पन्न गरेका प्रशिक्षार्थीहरूलाई सहभागीताको प्रमाण पत्र प्रदान गर्ने,

द. तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरुको सीप परीक्षण गराउने व्यवस्था गर्ने,

ध. तालिम पश्चात प्रशिक्षार्थीहरूलाई रोजगारी सुनिश्चितताका लागि आवश्यक पहल गर्ने

न. सहभागीहरूलाई उद्यमशीलता विकास तालिम र लैङ्गिक तथा सामाजिक समावेसीकरण (GESI) विषयमा समेत जानकारी प्रदान गर्ने,

ऩ. सहभागीलाई तालिम पछि स्वरोजगार बन्नका लागि उत्प्रेरित गर्ने उद्देश्यले स्थानीय स्तरमा रहेका उद्यमी, व्यावसायि, वित्तिय संस्थाहरूसँग समन्वयन गरी उनिहरूले प्रदान गर्ने सेवा सुविधाहरूका वारेमा जानकारी दिने व्यवस्था मिलाउने,

प. अनुगमनका क्रममा औल्याईएका विषयवस्तुलाई तालिम प्रदायकले सुझावको रुपमा लिई कार्यान्वयन कार्यान्वय गर्ने गराउने,

फ. तालिमका सहभागीहरूलाई सम्झौता वमोजिम दैनिक खाजा खर्च उपलब्ध गराउने (अनुसूची-७अनुसार)

ब. तालिमको व्यवस्थापन पक्ष चुस्त एव दुरुस्त राख्ने,

भ. तालीम सम्पन्न प्रतिवेदन अनुसूची ५ बमोजिम प्रदेश कार्यालयमा पठाउने।

## ९. तालीम सञ्चालन खर्च/तालिम शूल्कको भुक्तानी

क. सीप परीक्षण सहितको तालिमका लागि प्रति सहभागि रु. १९ हजार का दरले एउटा समुहको लागि जम्मा रु. ३ लाख ८० हजार विनियोजन भएको छ। जसमा तालिम संचालन वापत तालिम प्रदायक संस्थालाई उपलब्ध गराईने रकम, प्रशिक्षार्थीको खाजा खर्च, प्रदेश कार्यालयबाट गरिने अनुगमन तथा मूल्यांकन र सीप परीक्षण शूल्क वापतको रकमलाई समेत समावेश गरिएको छ ।

ख. शिक्षालय तथा विद्यालयहरुको लागि तोकिएको तालिम संचालन खर्च र निजी स्तरमा संचालित तालीम प्रदायक संस्थाहरुको हकमा तोकिएको खर्चमा नवढ्ने गरी सम्झौतामा उल्लेख भए वमोजिमको रकम उपलब्ध गराईने छ ।

ग. तालिम प्रदायक संस्थालाई तालिम शूल्क वापतको रकम भुक्तानी गर्दा तालीम सञ्चालन गर्नु पूर्व तालिम सञ्चालन कार्य योजना पेश गरे पछि कुल सम्झौता रकमको २०% रकम, तालीम सञ्चालनको भएको विवरण अनुसूची ४ मा सहभागिको विस्तृत विवरण उल्लेख भए अनुसार पेश गरे पश्चात ६०% रकम र सीप परीक्षण सम्पन्न प्रतिवेदन पेश गरे पश्चात बाँकी २०% रकम उपलव्ध गराउने,

घ. निजी स्तरमा संचालित तालीम प्रदायक संस्थाकोहरूको हकमा तालीम सञ्चालन गर्नु पूर्व तालिम सञ्चालन कार्य योजना पेश गरे पछि कुल सम्झौता रकमको २०% बैंक ग्यारेन्टी पेश गरेमा २०% मोविलाईजेसन पेश्की रकम उपलब्ध गराईने र बाँकी रकम दफा ग मा उल्लेख भए अनुसार उपलव्ध गराउने,

ङ. तालीम सञ्चालन गर्दा अनुसूची ३ बमोजिमको खर्च विवरणको परिधिमा रहेर गर्ने,

च. प्रशिक्षकहरूको पारिश्रमिक सम्बन्धित प्रशिक्षकको बैंक खाता मार्फत भुक्तानी गर्ने,

## १०. प्रशिक्षार्थीकहरूको जिम्मेवारी

क. तालीम अवधिभर नियमित उपस्थित भई सक्रिय रुपमा सहभागी हुने,

ख. व्यवसाय जन्य स्वास्थ्य तथा सुरक्षाको नियम पालन गर्ने,

ग. तालीम अवधिमा दिइएको निर्दिष्ट कार्य सिक्न उत्प्रेरित हुने,

घ. तालीम तथा तालीम प्रदायक संस्थाको नियममा रहि आफ्नो दायित्व निर्वाह गर्ने,

ङ. तालीम पश्चात सोही व्यवसायमा उद्यमशील भई कार्य गर्न अभिप्रेरित हुने,

च. तालिममा न्यूनतम ९० प्रतिशत रुजु हाजिर भएको हुनुपर्नेछ,

छ. तोकिएको हाजिर नपुग्ने प्रशिक्षार्थीलाई तालिमबाट हटाईनेछ,

ज. तालिम प्रदाय संस्थाले लिने सिकाई मूल्यांकन प्रकृयामा सहभागी हुने,

झ. मूल्यांकनमा सफल प्रशिक्षार्थीहरुले तालिम सम्पन्नको प्रमाण पत्र प्राप्त गर्ने,

ञ. तालिम सम्पन्नको प्रमाण पत्र पाएका प्रशिक्षार्थीहरुलाई मात्र सीप परीक्षणमा सहभागि हुन पाउने ।

Bhatta
नि. सदस्य-सचिव

## ११. प्रशिक्षण विधि

क. पाठ्यक्रमले निर्धारण गरेको समयावधि भित्र तालिम सम्पन्न गर्नुपर्ने छ। तालिम सञ्चालन गर्दा पाठ्यक्रमले तोके वमोजिम कार्यस्थलमा आधारित प्रशिक्षण दिनुपर्नेछ।

ख. प्रशिक्षार्थीहरूलाई प्रयोगात्मक अभ्यास र आवश्यकता अनुसार अवलोकन भ्रमणको समेत व्यवस्था गरी तालिम सञ्चालन गर्नु पर्नेछ।

ग. तालिम सञ्चालन गर्ने प्रशिक्षकले दैनिक पाठ योजना वनाई प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक एवं व्यावहारिक सीप सिकाउने र दैनिक सिकाईको विषयको लग बुकमा उल्लेख गर्नुपर्नेछ ।

## १२. प्रशिक्षकको योग्यता

क. एक समूह २ जना (एक जना मुख्य तथा एक जना सहायक) प्रशिक्षकहरू रहनेछन्,

ख. सीप परीक्षण तह एकको लागि संचालन हुने तालिमहरुमा मुख्य प्रशिक्षकको शैक्षिक योग्यता पाठ्यक्रमले तोके वमोजिम सम्बन्धित ट्रेडमा न्यूनतम प्राविधिक एसएलसी वा सम्बन्धित व्यवसायमा तह २ को सीप परीक्षण उतिर्ण भएको र सहायक प्रशिक्षकको हकमा सम्बन्धित व्यवसायमा न्यूनतम तह १ को सीप परीक्षण उतिर्ण भएको। सीप परीक्षण तह दुईको लागि संचालित तालिमको लागि एक तह माथिको योग्यता भएको प्रशिक्षक हुनुपर्ने,

ग. सम्बन्धित व्यवसायमा कम्तिमा एक वर्षको कार्य अनुभव भएको,

घ. कम्तिमा एक जना प्रशिक्षक प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठानबाट न्यूनतम ५ दिनको प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लिएको हुनुपर्ने।

## १३. प्रशिक्षार्थी छनौट

क. तालिमका लागि विपन्न, सुविधा बिहिन, दुर्गम तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने समुदाय, लोपोन्मुख, अतिसिमान्तकृत, सिमान्तकृत, जनजाती, महिला, मधेशी, दलित, अपाङ्गता भएका व्यक्ति, बैदेशिक रोजगारबाट फर्किएका युवाहरू यस तालीमका लक्षित बर्ग हुन्,

ख. तालिमका लागि प्रशिक्षार्थी छनौट गर्दा निम्न प्रकृया पुरा गर्नुपर्नेछ।

१. सार्वजनिक सूचना मार्फत आवेदन माग,
२. आवेदन संकलन,
३. प्राप्त भएका आवेदनहरू रुजु,
४. अन्तर्वार्ता,
५. वैकल्पिक उम्मेदवार सहितको नतिजा प्रकाशन।
६. मूख्य उम्मेदवार नआएको अवस्थामा बैकल्पिकबाट छनौट।

## १४. प्रशिक्षार्थीको योग्यता

क. कम्तीमा १६ वर्ष उमेर पुरा भै नेपाली नागरिकता भएको,
ख. पाठ्यक्रमले तोके बमोजिमको न्यूनतम शैक्षिक योग्यता भएको,
ग. सीप परीक्षणको लागि यस अघि कुनै पनि व्यवसायको सोहि तहको सीप परीक्षणमा सहभागी नभएको,
घ. व्यवसायको माग बमोजिमको कार्य गर्न सबल रहेको।

## १५. तालीम कार्यतालीका

प्रदेश कार्यालयले तालिमको कार्य तालिका तयार गरी तालिम संचालन गर्ने छ र सो को जानकारी परिषद् कार्यालय तालिम विकास महाशाखा, राष्टिय सीप परीक्षण समिति र सामाजिक विकास मन्त्रालयलाई पठाउनुपर्ने छ ।

## १६. तालीम सञ्चालन समन्वय समिति

क. यस कार्यविधि बमोजिम तालीमलाई व्यवस्थित ढंगले सञ्चालन गर्न देहायबमोजिम तालीम सञ्चालन समन्वय समिति रहनेछ।

| | |
|---|---|
| १. निर्देशक, प्रदेश कार्यालय | संयोजक |
| २. प्रतिनिधी, अधिकृतस्तरको कर्मचारी, सामाजिक विकास मन्त्रालय | सदस्य |
| ३. उपनिर्देशक (प्राविधिक), प्रदेश कार्यालय | सदस्य |
| ४. प्रशासन शाखाका प्रमुख, प्रदेश कार्यालय | सदस्य |
| ५. संयोजकले तोकेको प्रदेश कार्यालयको प्राविधिक अधिकृत | सदस्य-सचिव |

ख. समितिको कार्यविधि समिति आँफैले तयार गरी लागू गर्नेछ।
ग. उल्लेखित समितिको काम, कर्तव्य अधिकार देहायबमोजिम रहनेछ –

१. तालीम सञ्चालनको लागि सामाजिक विकास मन्त्रालय, स्थानीय तह र तालिम प्रदायक संस्थाहरूसँग समन्वय गर्ने,
२. तालीम प्रदायक संस्था छनौट गर्ने,
३. तालीमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,
४. तालीम सञ्चालनमा देखिएका विवादको निरोपण गर्ने,
५. तालीम प्रतिवेदन एकीकृत गरी सामाजिक विकास मन्त्रालय र परिषद कार्यालयमा पठाउने,
६. तालिमको अनुगमन क्रममा देखिएका कमिकमजोरीहरूको सुधारका लागि तत्काल पृष्ठपोपण दिने,
७. परिषद कार्यालय तथा सामाजिक विकास मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिमका कार्य गर्ने।

Bhatta
मि. ०७५५-०१११

## १७. तालीम अनुगमन तथा मूल्याङ्कन

क. तालीमको अनुगमन तथा मूल्याङ्कन प्रदेश कार्यालय, सामाजिक विकास मन्त्रालय र परिषद कार्यालयबाट गरिने छ ।

ख. तालीमको अनुगमन गर्ने पहिलो जिम्मेवार निकाय तालिम प्रदायक संस्था हुनेछन् । प्रदेश कार्यालयले तालिमको नियमित तथा आवश्यकता अनुसार आकस्मिक रुपमा अनुगमन गर्ने गराउने व्यवस्था गर्नेछ।

ग. तालिम अनुगमनका लागि प्रदेश कार्यालयले सामाजिक विकास मन्त्रालय र तालिम सञ्चालन भएको स्थानको स्थानीय तहका प्रमुख तथा जनप्रतिनिधिहरूलाई सहभागी गराइने छ ,

घ. अनुगमनका क्रममा तालिम सञ्चालन भएको स्थानमा राखिएको अनुगमन पुस्तिकामा स्पष्ट रुपमा उल्लेख गर्ने, गर्न लगाईनेछ।

ङ. प्रदेश कार्यालयले तालिमको प्रगतिका सम्बन्धमा नियमित रुपमा सामाजिक विकास मन्त्रालय र परिषद् कार्यालय तालिम विकास महाशाखालाई जानकारी गराउने छ।

च. तालिम अनुगमनका सहभागि अधिकारीले तालिम अनुगमन पछि अनिवार्यरुपमा अनुगमन प्रतिवेदन प्रदेश कार्यालयमा पेश गर्ने।

## १८. कार्यविधिको व्याख्या

क. यस कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा परिषद् कार्यालयले निर्णय गरे अनुसार हुनेछ,

ख. यस कार्यविधिमा उल्लेखित व्यवस्था प्रचलित ऐन, नियम र विनियमसँग बाझिन गएको अवस्था वा कार्यविधिमा उल्लेख नभएको विषय प्रचलित ऐन, नियम र विनियम बमोजिम हुनेछ,

ग. यस कार्यविधिलाई आधार मानी परिषद् प्रदेश कार्यालयले सामाजिक विकास मन्त्रालयको समन्वयमा प्रादेशिक कार्यविधि बनाई तालीम सञ्चालन गर्न कुनै बाधा पुग्नेछैन।

Bhatta
नि. सदस्य–सचिव

अनुसूची

तालीमका पाठ्यक्रमहरू

## List of Short-term Curricula

| Ind. No. | Programs/Subjects | Duration | Remarks |
|---|---|---|---|
| **1. Agriculture/Forestry** | | | |
| *Animal Science (1)* | | **9** | |
| 1. | Dairy product/Sweets Maker, 2008 | 550 hrs | |
| 2. | Community Livestock Assistant, 2016 | 422 hrs | |
| 3. | Wool Processor, 2008 | 460 hrs | |
| 4. | Slaughter House Technician, 2010 | 390 hrs | |
| 5. | Village Animal Health Worker, 2013 | 390 hrs | Nepali |
| 6. | Poultry Farm Worker, 2013 | 390 hrs | Nepali |
| 7. | Goat Keeper, 2071 | 390 hrs | Nepali |
| 8. | Junior Fishery Technician, 2071 | 390 hrs. | Nepali |
| 9. | Community Livestock Assistant Technician, 2071 | 520 hrs. | Nepali (L-2) |
| *Plant Science (2)* | | **22** | |
| 10. | Sericulture Technical Worker, 2007 | 140 hrs | |
| 11. | Nursery & Garden Assistant, 2015 (Assistant Florist) | 390 hrs | |
| 12. | Garden designer, 2014 | 550 hrs. | |
| 13. | Flower Decorator, 2014 | 390 hrs | |
| 14. | Fruit Processor, 2014 | 390 hrs | |
| 15. | Allo Processor, 2008 | 160 hrs | |
| 16. | Cardamom Processor, 2008 | 460 hrs | |
| 17. | Herb Processor, 2008 | 460 hrs | |
| 18. | Off Season Vegetable Producer, 2015 | 390 hrs | |
| 19. | Banana Fiber Craft Person, 2008 | 460 hrs | |
| 20. | Assistant Tea Technician, 2071 | 430 hrs | |

Bhatta

नि. सदस्य-सचिव

| Ind. No. | Programs/Subjects | Duration | Remarks |
|---|---|---|---|
| 21. | Assistant Coffee Technician, 2071 | 460 hrs | |
| 22. | Beekeeper, 2070 | 460 hrs | Nepali |
| 23. | Community Agriculture Assistant, 2015 | 390 hrs | |
| 24. | Vegetable Processor, 2009 | 550 hrs | |
| 25. | Herbal Farm Worker, 2070 | 390 hrs | Nepali |
| 26. | Mushroom Producer, 2013 | 390 hrs | Nepali |
| 27. | Banana Handmade Paper Maker, 2070 | 390 hrs | Nepali |
| 28. | Khoto Collector, 2013 | 390 hrs. | Nepali |
| 29. | Ginger Farmer, 2071 | 280 hrs. | Nepali |
| 30. | Banana Farming Technician, 2071 | 390 hrs. | Nepali |
| 31. | Community Agriculture Assistant, 2018 | 1400 hrs | English (L-2) |
| **Forestry** | | **1** | |
| 32. | Junior Wildlife Technician, 2074 | 390 hrs | Nepali |
| **2. Engineering** | | | |
| *Civil (1)* | | **28** | |
| 33. | Mason, 2015 | 320 hrs | Nepali |
| 34. | Skill Upgrading Training for Mason, 2016 | 040 hrs | Nepali |
| 35. | Skill Upgrading Training for Construction Carpenter, 2016 | 040 hrs | Nepali |
| 36. | Shuttering Carpenter, 2014 | 434 hrs | Nepali |
| 37. | Bar Bender, 2014 | 390 hrs | Nepali |
| 38. | Scafolder, 2070 | 390 hrs | |
| 39. | Tile and Marble Fitter, 2070 | 390 hrs | Nepali |
| 40. | Assistant Furniture Maker, 2071 | 390 hrs | Nepali |
| 41. | General Carpenter, 2070 | 460 hrs | Nepali |
| 42. | Marble Polisher, 2009 | 390 hrs | Nepali |
| 43. | Junior House Painter, 2010 | 390 hrs | |
| 44. | Construction Worker, 2070 | 390 hrs | Nepali |
| 45. | Stone Layer Mason, 2012 | 390 hrs | Nepali |

| Ind. No. | Programs/Subjects | Duration | Remarks |
|---|---|---|---|
| 46. | Gypsum Installer, 2012 | 390 hrs. | Nepali |
| 47. | Plasterer, 2013 | 390 hrs. | Nepali |
| 48. | Assistant Plumber, 2013 | 390 hrs | Nepali |
| 49. | Trail Bridge Technician, 2006 | 175 hrs. | |
| 50. | Gabion Weaver, 2070 | 390 hrs. | Nepali |
| 51. | Geo-Engineering Lab technician, 2071 | 390 hrs. | |
| 52. | Local Road Supervisor, 2009 | 550 hrs. | |
| 53. | Furniture Maker, 2071 | 390 hrs. | Nepali (L-2) |
| 54. | Professional Carpenter, 2017 | 1696 hrs. | Nepali |
| 55. | Professional Plumber, 2017 | 1696 hrs. | Nepali |
| 56. | Professional Mason, 2017 | 1696 hrs. | Nepali |
| 57. | Mason, 2017 | 390 hrs | Nepali (L-2) |
| 58. | Plumber, 2017 | 390 hrs | Nepali (L-2) |
| 59. | Skill Upgrading Training for Compressed Stabilized Earth Block (CSEB) Mason, 2074 | 45 hrs | Nepali |
| 60. | Rural House Retrofitting Mason for Stone Masonary in Mud Mortar, 2075 | 120 hrs | Nepali |
| *Computer (2)* | | 4 | |
| 61. | Computer Operator (Basic Computer application), 2014 | 220 hrs | |
| 62. | Computer Hardware Technician, 2012 | 390 hrs | |
| 63. | Computer Repair & Maintenance Technician, 2012 | 390 hrs | |
| 64. | Computer System Administrator & Developer, 2014 | 1320 hrs | |
| *Electronics/Electrical (3)* | | 16 | |
| 65. | Telecom Technician, 2015 | 1400 hrs | |
| 66. | Telecom Outside/External Plant Technician, 2014 | 943 hrs | |
| 67. | Junior Building Electrician, 2070 | 390 hrs | Nepali |
| 68. | Electrical Appliances Repairer, 2016 | 390 hrs | |

| Ind. No. | Programs/Subjects | Duration | Remarks |
|---|---|---|---|
| 69. | Radio TV Repairer, 2008 | 460 hrs | |
| 70. | Industrial Electrician, 2070 | 390 hrs | Nepali |
| 71. | Electromechanical Technician, 2009 | 780 hrs | |
| 72. | Solar PV Technician, 2010 | 460 hrs | |
| 73. | Telecom Lineman, 2070 | 390 hrs | |
| 74. | Mobile Phone Repairer, 2012 | 390 hrs | Nepali |
| 75. | FM Radio Technical Assistant, 2012 | 390 hrs | Nepali |
| 76. | Electric Motor Rewinder, 2013 | 390 hrs | Nepali |
| 77. | Cell-Mobile Phone Repair Technician, 2071 | 390 hrs. | Nepali (L-2) |
| 78. | Building Electrician, 2071 | 520 hrs. | Nepali (L-2) |
| 79. | Professional Building Electrician, 2017 | 1696 hrs. | Nepali (L-2) |
| 80. | Micro Hydro Assistant, 2017 | 550 hrs | Nepali |
| ***Mechanical (4)*** | | **34** | |
| 81. | Repairing and maintenance of pump set (Diesel Engine and Water pump), 2002 | 280 hrs. | |
| 82. | Assistant Welder, 2070 | 550 hrs | Nepali |
| 83. | Cycle and Riksa Mechanic, 2004 | 230 hrs | |
| 84. | Metal Work Helper, 2004 | 367 hrs | |
| 85. | Water Pump Repair Assistant, 2004 | 247 hrs | |
| 86. | Auto Painter, 2008 | 460 hrs | |
| 87. | Light Vehicle Driver, 2008 | 390 hrs | |
| 88. | Lathe Setter Operator, 2015 | 460 hrs | |
| 89. | Junior Auto Mechanic, 2018 | 390 hrs | |
| 90. | Boiler Operator, 2010 | 460 hrs | |
| 91. | Motor Cycle Mechanic, 2070 | 390 hrs | Nepali |
| 92. | Ref. and A C Mechanic, 2012 | 390 hrs | Nepali |
| 93. | Ordinary Seaman, 2013 | 390 hrs | |
| 94. | Stainless steel fabricator, 2070 | 407 hrs. | Nepali |
| 95. | Power Tiller Repair, 2070 | 390 hrs | Nepali |

| Ind. No. | Programs/Subjects | Duration | Remarks |
|---|---|---|---|
| 96. | ACP Insulator, 2070 | 407 hrs. | Nepali |
| 97. | Aluminum Fabricator, 2070 | 408 hrs. | Nepali |
| 98. | Steal Furniture Maker, 2070 | 390 hrs | Nepali |
| 99. | Offset press Operator, 2014 | 390 hrs | Nepali |
| 100. | Excavator Operator, 2014 | 190 hrs | Nepali |
| 101. | Back hoe loader Operator, 2014 | 190 hrs | Nepali |
| 102. | Aluminum Fabricator, 2071 | 620 hrs. | Nepali (L-2) |
| 103. | Structural Fabricator, 2071 | 500 hrs. | Nepali (L-2) |
| 104. | Junior Industrial Machine Operator, 2071 | 390 hrs. | Nepali |
| 105. | Junior Mill Machine Operator, 2071 | 390 hrs. | Nepali |
| 106. | Junior Optical Dispenser, 2072 | 390 hrs | Nepali |
| 107. | Mechanical Fitter, 2017 | 390 hrs. | Nepali |
| 108. | Metal Handicraft Assistant, 2017 | 390 hrs. | Nepali |
| 109. | Professional Welder, 2017 | 1696 hrs. | Nepali (L-2) |
| 110. | Professional Aluminum Fabricator, 2017 | 1696 hrs. | Nepali (L-2) |
| 111. | Professional Motorcycle Mechanic, 2017 | 1696 hrs. | Nepali (L-2) |
| 112. | Professional Light Vehicle Mechanic, 2017 | 1696 hrs. | Nepali (L-2) |
| 113. | Assistant Metal Worker (Workers Further Training), 2019 | 120 hrs | Nepali |
| 114. | Metal Worker (Workers Further Training), 2019 | 120 hrs | Nepali |
| **3. Health** | | 8 | |
| 115. | Caregiver, 2015 | 390 hrs | |
| 116. | Dental Chair side Assistant, 2010 | 390 hrs | |
| 117. | Dental Lab Mechanic, 2010 | 390 hrs | |
| 118. | Traditional Ayurveda Worker (TAW), 2013 | 550 hrs | |
| 119. | Physical Rehabilitation Assistant, 2014 | 490 hrs. | |
| 120. | Assistant Massage Therapy, 2014 | 420 hrs. | Nepali |
| 121. | Community Ear Heath Worker, 2072 | 400 hrs. | Nepali |
| 122. | Village Nature Cure Worker, 1998 | 6 months | |

Bhatta
त्रि. सदस्य–सचिव

| Ind. No. | Programs/Subjects | Duration | Remarks |
|---|---|---|---|
| **4. Tourism/Hospitality** | | | |
| ***Cooking/Baking (1)*** | | **12** | |
| 123. | Commercial Cooking/Baking, 2001 | 792 hrs | |
| 124. | Assistant Cook, 2004 | 211 hrs | |
| 125. | Chinese Cuisine Cook, 2016 | 390 hrs | |
| 126. | Indian Cuisine Cook, 2016 | 390 hrs | |
| 127. | Continental Cuisine Cook, 2016 | 390 hrs | |
| 128. | General Cook, 2012 | 390 hrs | Nepali |
| 129. | Baker, 2013 | 390 hrs | Nepali |
| 130. | Fast food cook, 2013 | 390hrs | Nepali |
| 131. | General Cook (Commis II), 2071 | 390 hrs. | Nepali (L-2) |
| 132. | Baristha, 2017 | 390 hrs. | English |
| 133. | Professional Cooks 2017 | 1696 hrs. | Nepali (L-2) |
| 134. | Sweets and Snack Maker, 2018 | 390 hrs | Nepali |
| ***Front Office/Housekeeping (2)*** | | **8** | |
| 135. | Waiter/Waitress, 2015 | 390 hrs | Nepali |
| 136. | Room Attendant, 2012 | 390 hrs | Nepali |
| 137. | Housekeeping cleaner, 2070 | 390 hrs | Nepali |
| 138. | Hotel Assistant, 2070 | 390 hrs | Nepali |
| 139. | Bar Tender, 2016 | 390 hrs. | Nepali |
| 140. | Trekking Guide, 2016 | 260 hrs. | Nepali |
| 141. | Waiter/Waitress, 2017 | 390 hrs | English (L-2) |
| 142. | Homestay Operator, 2019 | 390 hrs | Nepali |
| **5. Secretarial/Management** | | 6 | |
| 143. | Saving and credit mobilizing, 2010 | 40 hrs | |
| 144. | Library Assistant, 2012 | 390 hrs. | |
| 145. | Receptions Cum Cashier, 2070 | 390 hrs. | Nepali |
| 146. | Enterprise Development Facilitator, 2071 | 1500 hrs. | Nepali (L-2) |
| 147. | Sales person, 2072 | 390 hrs | Nepali |

Bhatta
मि. २०८१-८।१९

| Ind. No. | Programs/Subjects | Duration | Remarks |
|---|---|---|---|
| 148. | Cooperative Manager, 2018 | 600 hrs | Nepali (L-2) |
| **6. Education/Pedagogy** | | 8 | |
| 149. | Early Childhood Montessori Facilitator, 2018 (Montessori Revised- 2011) | 390 hrs | |
| 150. | Psychosocial counselor, 2010 | 780 hrs | |
| 151. | Paralegal Assistant, 2070 | 415 hrs. | Nepali |
| 152. | Singer, 2070 | 390 hrs. | Nepali |
| 153. | Community Based Rehabilitation Facilitator, 2019 | 590 hrs | Nepali |
| 154. | Social Workers, 2019 | 1400 hrs | Nepali (L-2) |
| 155. | Stationary/Education Materials Producers, 2019 | 390 hrs | Nepali |
| 156. | Basic Yoga Instructor, 2019 | 520 hrs | Nepali (L-2) |
| **7. Handicrafts** | | 16 | |
| 157. | Doll Cushion Maker, 2016 | 390 hrs | |
| 158. | Beads, pearls and crystal's Items Maker, 2016 | 225 hrs | |
| 159. | Junior Ceramics Assistant, 2004 | 303 hrs | |
| 160. | Junior Paper Artisan, 2004 | 258 hrs | |
| 161. | Junior Bamboo Artisan, 2016 | 244 hrs | |
| 162. | Junior Wood Artisan, 2004 | 296 hrs | |
| 163. | sfle{a ljlwaf6 6fFs tyf snfTds ;fdfgx? agfpg] sfnLu9 ;DaGwL kf7\oqmd -xf8, l;+a tyf sf7sf x:tsnf ;DaGwL_ *Carver-2064* | 1500 hrs | Nepali |
| 164. | 6lg{a ljlwaf6 6fFs tyf snfTds ;fdfgx? agfpg] sfnLu9 ;DaGwL kf7\oqmd -xf8, l;+a tyf sf7sf x:tsnf ;DaGwL_ Turner, 2064 | 1280 hrs | Nepali |
| 165. | Nepali Hand Paper Maker, 2008 | 390 hrs | |
| 166. | Wooden Handicraft Maker, 2010 | 390 hrs | |
| 167. | Woolen Hand Knitter, 2013 | 390 hrs | Nepali |
| 168. | Woolen Machine Knitter, 2013 | 390 hrs | Nepali |
| 169. | Tharu Handicraft Maker, 2070 | 390 hrs | Nepali |

Bhatta
त्रि. सदस्य–सचिव

| Ind. No. | Programs/Subjects | Duration | Remarks |
|---|---|---|---|
| 170. | Bans Furniture Maker, 2070 | 390 hrs | Nepali |
| 171. | Bans Shilpakar, 2070 | 456 hrs. | Nepali |
| 172. | Gold Silver Smith, 2076 | 830 hrs | Nepali |
| **8. Miscellaneous** | | **27** | |
| 173. | Assistant studio Photographer, 2014 | 390 hrs. | Nepali |
| 174. | Assistant Beautician, 2071 | 390 hrs | Nepali |
| 175. | Shoe Maker, 2070 | 390 hrs | Nepali |
| 176. | Security Guard, 2070 | 460 hrs. | Nepali |
| 177. | Mithila Folk Artist, 2008 | 520 hrs | |
| 178. | Fashion Designer, 2008 | 460 hrs | |
| 179. | Assistant Tailor, 2016 | 390 hrs | |
| 180. | Fabric Painter, 2008 | 460 hrs | |
| 181. | Thanka Art Maker, 2070 | 420 hrs | Nepali |
| 182. | Assistant Barber, 2013 | 390 hrs | Nepali |
| 183. | Hand Embroider, 2013 | 390 hrs | Nepali |
| 184. | Dhaka Weaver, 2070 | 454 hrs. | Nepali |
| 185. | Thread Spinner, 2070 | 390 hrs | Nepali |
| 186. | Galaicha Bunkar, 2070 | 390 hrs | Nepali |
| 187. | Garment Fabricator, 2071 | 390 hrs. | Nepali |
| 188. | Child protection Worker, 2071 | 1000 hrs. | Nepali |
| 189. | Beautician, 2071 | 670 hrs | Nepali (L-2 ) |
| 190. | Tailor, 2071 | 390 hrs. | Nepali (L-2 ) |
| 191. | Junior Book Binder, 2071 | 390 hrs | Nepali |
| 192. | Sahayak Purohit, 2072 | 670 hrs | Nepali |
| 193. | Prarambhik Jyotish, 2017 | 390 hrs | Nepali |
| 194. | Jute Spinner, 2018 | 480 hrs | Nepali |
| 195. | Jute Weaver, 2018 | 480 hrs | Nepali |
| 196. | Pre-Spinning Yarn Machine Operator, 2018 | 480 hrs | Nepali |
| 197. | Spinning Yarn Machine Operator, 2018 | 480 hrs | Nepali |

| Ind. No. | Programs/Subjects | Duration | Remarks |
|---|---|---|---|
| 198. | Post-Spinning Yarn Machine Operator, 2018 | 480 hrs | Nepali |
| 199. | Plastic Loom Operator, 2018 | 480 hrs | Nepali |

**Total: 199**

Update: **2076/06/06**

## अनुसूची – २

### तालिमको संक्षिप्त जानकारी

| | |
|---|---|
| संस्थाको नाम र ठेगाना | |
| सर्म्पक व्यक्ति | नाम थर :<br>पद :<br>मोबाईल नम्बर :<br>ईमेल : |
| तालिमको विषय | |
| तालिम अवधि (घण्टा) | |
| प्रशिक्षार्थी छनौट मिति | |
| तालिम सञ्चालन हुने स्थान | |
| तालिम सञ्चालन भएको समय | |
| प्रशिक्षकहरूको नाम थर र फोन नं | १)<br>२) |
| तालिम शुरु हुने मिति (अनुमानित) : | |
| प्रशिक्षार्थी संख्या : महिला पुरुष जम्मा | |
| तालिम समापन हुने मिति : | |

पुनश्चः तालीम सञ्चालन पूर्व यो जानकारी सम्बन्धीत प्रदेश कार्यालयमा प्रमाणित गरी पठाउनु पर्ने छ।

Shatta
नि. सदस्य–सचिव

## अनुसूची
## तालीम सञ्चालन खर्च

| क्र.सं. | खर्च | विवरण | जम्मा रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशिक्षण | प्रशिक्षक पारिश्रमिक (२ जना प्रशिक्षक *६५ दिन) | १२३,५००.०० | |
| २ | तालीम व्यवस्थापन | स्टेशनरी, सूचना तथा व्यानर, उद्घाटन र समापन, कार्यशाला भाडा, सुरक्षा औजार तथा अन्य खर्च | ३०,५००.०० | |
| ३ | सामग्री तथा उपकरण | प्रशिक्षण तथा प्रयोगात्मक अभ्याससँग प्रत्यक्ष सम्बन्धित (सीप परीक्षण सामग्री) | १४३,०००.०० | |
| ४ | सीप परीक्षण | सीप परीक्षण शुल्क (२० जना प्रशिक्षार्थी * प्रति प्रशिक्षार्थी रु. ५०० का दरले) | १०,०००.०० | |
| ५ | अनुगमन मुल्याङ्कन | अनुगमन प्रदेश कार्यालय | २,०००.०० | |
| | | अनुगमन तालीम प्रदायक संस्था | ६,०००.०० | |
| ६ | चिया खाजा | प्रशिक्षार्थी खाजा खर्च (२० जना प्रशिक्षार्थी* ६५ दिन * प्रति दिन प्रति प्रशिक्षार्थी रु. ५० का दरले) | ६५,०००.०० | |
| | | जम्मा | ३८०,०००.०० | |

*नोटः* प्रति प्रशिक्षार्थी रु. १९,००० का दरले बजेटको व्यवस्था गरिएकोमा उक्त बजेटमा प्रदेश कार्यालय राष्टिय सीप परीक्षण समिति तालिम प्रदायक संस्था र प्रशिक्षार्थिको चिया खाजा खर्चलाई समावेश गरिएको छ। प्रति समूह हुन आउने रु.३८०,०००.०० लाई तालिम प्रदायक संस्था, प्रदेश कार्यालय र सीप परीक्षण समितिले पाउने रकमलाई देहाय अनुसार विभाजन गरिएको छ।

| | |
|---|---|
| क) तालिम प्रदायले तालिम संचालन गरे वापत पाउने जम्मा | रु.३६८,०००.०० |
| तालिम संचालन वापत जम्मा | रु. ३०३,०००.०० |
| प्रशिक्षार्थी खाजा खर्च वापतको जम्मा | रु. ६५,०००.०० |
| ख) प्रदेश कार्यालयबाट हुने अनुगमन मुल्याङ्कन कार्यको लागि जम्मा | रु. २,०००.०० |
| ग) सीप परीक्षणको लागि व्यवस्था गरिएको जम्मा | रु. १०,०००.०० |

Bhatta
नि. सदस्य–सचिव

अनुसूची - ४

## तालीम सम्बन्धी विस्तृत जानकारी

| | |
|---|---|
| तालीमको नाम | |
| तालीम प्रदायक संस्थाको नाम, ठेगाना | |
| तालीम सञ्चालन स्थल | |
| तालीम सञ्चालन सुरु मिति | |
| प्रशिक्षकको नाम, थर र सम्पर्क नम्बर | |

सहभागीहरूको विवरण

| क्र.सं. | नाम, थर | लिंङ्ग | जिल्ला | पालिका | वडा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| १६ | | | | | |
| १७ | | | | | |
| १८ | | | | | |
| १९ | | | | | |
| २० | | | | | |

नाम, थर
तालीम संयोजक
मिति

नाम, थर
संस्था प्रमुख

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सानोठिमी, भक्तपुर

अनुसूची ९

## छोटो अवधिको सीपमूलक तालीम प्रतिवेदन

व्यवसायः....

प्रशिक्षार्थी संख्या : ............ महिला :................ पुरुष :..................... जम्मा :........

जिल्ला : .... .... .... गा पा/ न पा :.... .... .... वडानं :.... .... स्थान : .... ....

प्रतिवेदन पेश गरेको कार्यालय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,

प्रदेश कार्यालय, .... .... .... प्रदेश

प्रतिवेदन पेश गर्ने .... .... .... .... .... ....

फोन नं. ..............

इमेलः ..........

**प्रतिवेदनमा निम्न शिर्षकहरू समावेश हुनु पर्दछः**

क) परिचय/पृष्ठभूमि

ख) लाभग्राही

ग) प्रशिक्षण र सिकाई

घ) कार्यक्रमहरूको प्रभावकारीता

ङ) सुझावहरू

च) निष्कर्ष

छ) अनुसूची

Bhatta
नि. सदस्य-सचिव

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# अनुसूची - ६

## तालिम प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरण

| तालिम प्रदायक संस्थाको नाम, ठेगाना | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तालिम सञ्चालन स्थल | | | | | | | | |
| तालिम सञ्चालन सुरु मिति | | | | | | | | |
| क्र.सं. | तालिम कार्यक्रमको नाम | तालिममा सहभागी | | | सीप परीक्षणमा सहभागी | | | कैफियत |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

दस्तखत
नाम, थर
तालीम संयोजक

विवरण प्रमाणित गरेको मिति

दस्तखत
नाम, थर
संस्था प्रमुख

Matta
नि. सदस्य-सचिव

## अनुसूची ७

## प्रशिक्षार्थीहरूको खाजा खर्चको भर्पाइ

संस्थाः

तालीमको नामः तालीम शुरु मितिः

तालीम स्थलः भुक्तानी अवधिः

| क्र.सं. | प्रशिक्षार्थीको नाम | हाजिरी दिन | रकम | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |
| ११. | | | | | |
| १२. | | | | | |
| १३. | | | | | |
| १४. | | | | | |
| १५. | | | | | |
| १६. | | | | | |
| १७. | | | | | |
| १८. | | | | | |
| १९. | | | | | |
| २०. | | | | | |
| | जम्मा | | | | |

.................. .................... ..................

तालीम संयोजक सिफारिस गर्ने लेखा प्रमुख प्रमाणित गर्ने शिक्षालय प्रमुख

अनुसूची ८

## छोटो अवधी तालीमको एकीकृत विवरण

आ.व. २०७६/७७

| क्र.सं. | तालीम प्रदायक संस्थाको नाम | तालीम कार्यक्रमको नाम | तालीम सञ्चालन स्थल | तालीम सुरु मिति | तालीममा सहभागी | | | सीप परीक्षणमा सहभागी | | | सीप परीक्षणमा उतीर्ण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

नाम, थर
पद

विवरण प्रमाणित गरेको मिति

नाम, थर
निर्देशक

नि. सदस्य-सचिव